नमूना

काठमाडौ महानगरपलिका . . . न . वडा कार्यालय र . . . . . . . . . . . . . . . . . . . प्रा . लि . बीच

## सूचना प्रविधि सम्बन्धी परामर्श सेवा खरिद कार्यको सम्झौता

काठमाडौं महानगरपालिका . . . . न . वडा कार्यालय (यसपछी प्रथम पक्ष भनीएको) र . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . फर्म/कम्पनी (यस पछि दोश्रो पक्ष भनिएको) का मिति २०७९।८।२३ प. सं. को काठमाडौं महानगरपालिका प्रशासन विभागको परिपत्र अनुसार वडा कार्यालयको लागि **सूचना प्रविधि सम्बन्धी** परामर्श सेवा प्राप्त गर्नको लागि देहायको शर्तका अधिनमा रही दोश्रो पक्षले प्रथम पक्षलाई सेवा उपब्ध गराउन मन्जुर भई यो सम्झौतागरी एक एक प्रति एक आपसमा बुझी लियौं दियौं ।

**शर्तहरु :-**

### १ . कामको विवरण :-

१ . १ दोश्रो पक्षले तोकिएको योग्यता भएका १ जना जनशक्तिलाई सम्झौता अवधिभरी अर्थात ३ महीनाको लागि वडा कार्यान्वयमा खटाउनु पर्नेछ । यसरी खटीने जनशक्ति हेरफेर गर्नपईने छैन । काबु वाहीरको अवस्था परी जनशक्ति हेरफर गर्नु परेमा प्रथम पक्षको सहमति लिनु पर्नेछ ।

१ . २ माथि बुँदा १ . १ वमोजीम खटिने जनशक्तिले कार्यालयको समय भरी नै प्रथम पक्ष सम्बद्ध वडा सचिवको मातहतमा रही कामकाज गर्नु पर्नेछ । प्रथम पक्षले अवश्यक ठानेमा कार्यालय समय अघि पछि र विदाको दिनमा समेत सो जनशक्तिले सेवा दिने दायित्व दोश्रो पक्षको हुनेछ ।

१ . ३ यस सम्झौता बमोजिम वाडमा खटिने जनशक्तिले डिजीटल सिफारिस अनलाईन भुक्तानी र डिजिटल नक्सा पास जस्ता वडा वाट प्रवाह हुने डिजिटल तथा अनलाईन सेवा प्रवाहमा सूचना प्रविधि सम्वन्धि आवश्यक कार्यहरु गर्ने । साथै यो कार्यमा काठमाडौं महानगरपालिका सूचना प्रविधि विभागसंग समेत आवश्यक समन्वय गर्नुपर्नेछ ।

१ . ४ यस सम्झौता बमोजिम वडामा खटिने जनशक्तिले वडाका जनप्रतिनिधिहरु तथा वडाका सचिव लगाएतका कर्मचारीहरुलाई डिजिटल सेवा प्रवाह सम्वन्धि सफ्टवेर तथा एप्स संचालन सम्वन्धि तालिम दिनुपर्नेछ । साथै निजले वडाका पदाधिकारी तथा कर्मचारीको डिजिटल सेवा सम्वन्धि कार्यमा आवश्यक सहयोग एवम् सहजीकरण गर्नुपर्नेछ ।

१ . ५ यस सम्झौता बमोजिम वडामा खटिने जनशक्तिले वडावाट प्रवाह हुने डिजिटल तथा अनलाईन सेवासम्वन्धी प्राविधिक कार्यमा वडा सचिवले दिने निर्देशनको पालना गर्नु पर्नेछ ।

१ . ६ यस सम्झौता बमोजिम दोश्रो पक्षवाट खटाएको जनशक्तिवाट सन्तोषजनक रुपमा कार्य सम्पादन गरेको नपाइएमा निजलाई हटाउन दोश्रो पक्षलाई निर्देशन दिने वा यो सम्झौता रध्द गर्ने अधिकार प्रथम पक्षलाई हुनेछ ।

### २ . सेवाशुल्क भुक्तानी तथा अन्य शर्तहरु :-

२ . १ यस सम्झौता बमोजिम परामर्श सेवा आपुर्ति गरेवापत दोश्रो पक्षले सेवा शुल्क वापत रु १ लाख कर सहित एकमुष्ट प्राप्त गर्नेछ । यो सेवा शुल्क काठमाडौं महानगरपालिकाको आ व २०७९/८० को स्वीकृत वजेट तथा कार्यक्रमको खर्च अंक नं २२४१३ करार सेवा शुल्क शिर्षकमा विनियोजीत वजेट वाट खर्च गर्नेगरी निकासा माग गरी भूक्तानी गराईनेछ । यस सम्झौता बमोजिम परामर्श सेवा शुल्क मासिक रुपमा वडीमा ३ किस्तामा उपलब्ध गराउन समेत सकिनेछ ।

२ . २ दोश्रो पक्षले प्रथम पक्षलाइ परामर्श सेवा आपूर्तिको लागि खटाइने प्रविधिक जनशक्तिलाई सार्वजनिक विदा वाहेक अन्य दिनमा खटाउनु पर्नेछ ।

Scanned with CamScanner

२०६४।१२।२४

२.३ दोश्रो पक्षले प्रथम पक्षलाइ परामर्श सेवा आपूर्तिको लागि खटाइने प्रविधिक जनशक्तिलाई शारीरिकरुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्वन्धि कुराहरु बराबर उलंघन गरेमा निजको सट्टा दोश्रो पक्षले समानक्षमता र योग्यता भएको अर्को व्यक्ति पहिलो पक्षलाई उपलब्ध गराउन पर्नेछ।

२.४ दोश्रो पक्षले प्रथम पक्षलाइ परामर्श सेवा आपूर्तिको लागि खटाइएको व्यक्तिले कार्यालयको चल अचल सम्पत्तीको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतीपुर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्ष लाई उपलब्ध गराउनु पर्नेछ।

२.५ दोश्रो पक्षले परामर्श सेवा प्रादान गर्ने क्रममा अन्य श्रोत सामाग्री र सुविधा प्रथम पक्षले उपलब्ध गराउन वाध्य हुने छैन अपुर्ति

२.६ यो सम्झौताको अवधि २०७९।८।२६ बाट शुरु भइ २०७९।११।२५ सम्म कायम हुनेछ।

२.७ यो सम्झौतामा लखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा यससँग सम्बन्धित कार्यक्षेत्रगत शर्त तथा प्रचलित कानून तथा करार कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फ वाट हस्ताक्षर गर्ने ब्यक्ती | दोश्रोपक्षको तर्फ वाट हस्ताक्षर गर्ने ब्यक्ती |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम थर | नाम थर |
| पद | पद |
| कार्यालय | कार्यालय |

इति संवत २०७९ साल मंसिर ... गते रोज .. शुभम् ।

Scanned with CamScanner